नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
मालपोत कार्यालय, दिङ्गला भोजपुर
मुद्दा फाँट

९८५२०५३१९६
०२९४२११३४
dingla@dolma.gov.np

पत्र संख्या ०८२/०८३ मुद्दा
च.नं. १५५

कोशी प्रदेश नेपाल
मिति २०८२/०९/०२

दर्ता नं. ४९८
मिति २०८२/०९/३

विषयः सूचँना टाँसगरी मुचुल्का पठाईदिने सम्बन्धमा ।

श्री इलाका प्रशासन कार्यालय, दिङ्गला भोजपुर ।
श्री साल्पासिलिछो गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, चौकिडाँडा भोजपुर ।
श्री साल्पासिलिछो गाउँपालिका ४ नं. वडा कार्यालय, खाटाम्मा भोजपुर ।
श्री वाल्ष्ट टाइम्स राष्ट्रिय दैनिक पत्रिका ।

उपरोक्त विषयमा धनसोरी राईको छुट जग्गा दर्ता नामसारी सम्वन्धी यस कार्यालयबाट प्रकाशित भएको हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचँना यसै पत्र साथ थान-१ प्रति पठाईएको छ । प्राप्त भएपछि त्यस कार्यालयको सूचँना पाटीमा टाँस गरि टाँस भएको मिति समेत उल्लेख गरि सोको जानकारी यस कार्यालयमा पठाई दिनु हुन अनुरोध छ ।

२०८२/०९/०२
फाँटवाला

२०८२/०९/०२
फडिन्द्र भण्डारी
कार्यालय प्रमुख

सूचना टाँस गरी जानकारी पठाउनुका साथै सम्बन्धित वडामा समेत जानकारी गराउने
९/३

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
मालपोत कार्यालय, दिङ्ला भोजपुर

९८५२०५३१९६
०२९४२११३४
dingla@dolma.gov.np

पत्र संख्या ०८२/०८३ मुद्दा

कोशी प्रदेश नेपाल
मिति २०८२/०९/०२

## हकदावी सम्बन्धि ३५ दिने सार्वजनिक सुचना ।

जिल्ला भोजपुर साविक खाटाम्मा ६ हाल साल्पासिलिछो गा.पा. वडा नं. ४ बस्ने आसजितको बुहारी दैवधनको पत्नी धनसोरी राईको नाममा नापजाँच भएको चाकिडाँडा ५ कि.न. ६७४ जग्गा रोपनी ६-८-३-१ बडहरे खेतको जग्गा दर्ता हुन छुट भएको हुँदा उक्त धनसरी राईको पनि आफ्नै कालगतिले मृत्यु भएको निजको पती दैवधनको पनि मृत्यु भएकोले उक्त जग्गाको हकखाने निजहरुको हामी ६ जना छोराहरु मात्र भएकोमा जेठा छोरा प्रेम कुमार राईको आफ्नै कालगतिले मृत्यु भएको निजको एकमात्र पत्नी हर्कमाया राईको पनि आफ्नै कालगतिले भएको हुँदा निजहरुबाट एकमात्र छोरा बिर बहादुर राई भएको, माइला छोरा भक्त बहादुर राईको पनि आफ्नै कालगतिले मृत्यु भएको र निजको एकमात्र पत्नी रत्न कुमारी राई भएकोमा नागरीकतामा धनसरी राई र फिल्डबुकमा भएको धन सोरी राई दुवै नाम फरक फरक भएता पनि एउटै व्यक्ति हाम्रो आमा/बजु/सासु बजु धनसरी राई भएको र उक्त माथि उल्लेखित जग्गाको हकदार मृतक धनसरी राइको हामी छोराहरु ४ जना खड्ग बहादुर राई, रुद्र बहादुर राई, कुल बहादुर राई र भोला बहादुर राई बुहारी १ जना रत्न कुमारी राई नाति १ जना बिर बहादुर राई समेत गरी जम्मा ६ जना मात्र सबैभन्दा नजिकको हकदार भएकोमा उक्त जग्गा नापी हुनु भन्दा अगाडी देखि हाल सम्म हामीले नै जोतभोग भोक चलन गर्दै आएको र उक्त जग्गामा कुनै विवाद समेत नभएको हुँदा उक्त बडहरे खेत जग्गा हाम्रो सयुक्त नाममा दर्ता नामसारीको लागि माग निवेदन रहेकोमा मिति २०८२/०९/०२ को आदेश अनुसार सर्वसाधारण जानकारीको लागि यो ३५ दिने सूचना प्रकाशन गरिएको छ । जग्गामा निज निवेदकहरुको हकभोग रहेको छ/छैन उक्त कित्ता जग्गा दर्ता नामसारी गर्न यी निवेदकहरु बाहेक अन्य हकदार छन, छैनन । उक्त जग्गामा यी निवेदकहरु बाहेक अरु कसैको हकदावी छ, छैन निवेदकहरुको माग बमोजिम नामसारी दर्ता गरिदिदाँ अन्य कसैको हकभोग स्वामित्वमा असर पर्न जाने हो वा होइन । कसैले उल्लेखित कित्ता जग्गाको हकमा दर्ता नामसारीका लागि यस पुर्व मिसिल भिडाई दर्ता प्रकृयामा रहेको/भएको भए तथा अन्य कसैको हकदावी भए वा निजहरुको नाममा नामसारी दर्ता हुन नपर्ने कुनै मनासिव कारण भए सो समेत सम्पूर्ण व्यहोरा खुल्ने गरी हकदावी सम्बन्धी ३५ दिन भित्र आफ्नो दावी प्रमाण पुग्ने कागजात सहित यस कार्यालयमा दावी विरोध गर्न आउनु होला अन्यथा नियमानुसार छुट जग्गा नामसारी दर्ता भई जाने व्यहोरा यसै सूचनाद्धारा सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

तपशिल

| जिल्ला | गा.वि.स. | वडा नं. | कित्ता नं. | क्षेत्रफल | साविक दर्तावालको नाम, थर | किसानको व्यहोरा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| भोजपुर | चौकिडाँडा | ५ | ६७४ | ६-८-३-१ | धनसोरी राई | बडहरे खेत | नामसारी दर्ता |

तयार गर्ने ............ रुजु गर्ने ............ प्रमाणित गर्ने